# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७५/०२/१७ गते

# प्रेस विज्ञप्ति

**विषयः आरोप-पत्र दायर गरिएको ।**

-----------------------------------------------

जिल्ला समन्वय समिति सप्तरीका नायब सुब्बा युगेश्वरप्रसाद यादवले महुली खोला पुल निर्माणको फरफारक भएपछि धरौटी फुकुवाको चेक निकासा गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग कुल धरौटीको पाँच प्रतिशत रकम घुसवापत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निजलाई रु.१,३५,०००।-(एक लाख पैंतीस हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले र सोही कार्यालयमा कार्यरत लेखापाल श्यामसुन्दर यादवले आपसी मिलेमतोमा उक्त कार्य गरेको खुल्न आएको हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.१,३५,०००।-(एक लाख पैंतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता